नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १४६ | २०७७ साल पुस २३ गते बिहीबार (7 Jan. 2021 Thursday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- भुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिनिधिसभा विघटनविरुद्धको ... ३ पृष्ठमा : समूह फेर्दै नेकपाका.. ३ पृष्ठमा : भारतमा कोरोनाभाइरस ...

# सेनाको गाडीले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु



मोटरसाइकललाई ठक्कर दिएको सेनाको बा.१ग. १९८१ नम्बरको वानटन गाडी ।*तस्बिर : सामाजिक संजाल*

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको रुपनी गाउँपालिकास्थित रुपनी चौकमा बुधबार दिउँसो सेना चढेको गाडीले ठक्कर दिँदा एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिम जाँदै गरेको सेना सवार बा.१ग. १९८१ नम्बरको वानटन गाडीले स.५प. ५०७६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सप्तरीको अग्निसाइर कृष्णासवरण गउँपालिका २ निवासी ६५ वर्षिय रामचन्द्र प्रसाद चौधरीको मृत्यु भएको हो ।

ठक्करबाट गम्भिर घाइते भएका चौधरीलाई तत्कालै उद्दार गरि उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवं प्रवक्ता भुवनेश्वर साहले जानकारी दिएका छन् ।

यता ठक्कर दिने गाडी र चालक सुनसरीको धरान उपमहानगरपालिका वडा नं. १७ निवासी मनिसराज राईलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको डिएसपी साहले बताए ।

सूर्य दलगण बिराटनगरबाट भैरवादल गण ललितपुरका लागि ३२ जना सेनाको टोली लिएर जाँदै गर्दा सो गाडी दुर्घटनामा परेको प्रहरीको भनाई छ ।

# नेकपा ओली पक्षधरका अनेरास्ववियु सप्तरी गठन



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

नेकपा केपी शर्मा ओली पक्षधरका अनेरास्ववियु सप्तरी जिल्ला कमिटि बुधबार गठन गरिएको छ ।

राजविराजस्थित राजरंगशालामा बुधबार संयोजक ललितनारायण रजकको अध्यक्षतमा सम्पन्न बैठकले उनकै नेतृत्वमा २१ सदस्यीय जिल्ला

*बाँकी अन्तिम पृष्ठमा*

## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**

# तिलाठीमा बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकी र वडा कार्यालय निर्माण हुने



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ६ मा बुधबार बर्थिङ सेन्टर सेवासहित स्वास्थ्य चौकी र वडा कार्यालय निर्माण कार्यको शिलान्यास गरिएको छ ।

सो गाउँपालिकास्थित को. मधेपुरामा बर्थिङ सेन्टर सेवासहितको स्वास्थ्य चौकी निर्माण कार्यको एक कार्यक्रमबीच राष्ट्रियसभा सदस्य शेखर कुमार सिंहले शिलान्यास गरेका हुन् ।

पक्की भवनको अभावमा सेवा प्रवाहमा समस्या भोगिरहेका सोही वडामा पक्की भवनको वडा कार्यालय निर्माण हुन लागेको हो ।

संघीय सरकारको बजेटबाट बर्थिङ सेन्टरसहितको सुविधा सम्पन्न स्वास्थ्य चौकी तथा तिलाठी कोइलाडी गाउँपालिकाको बजेटबाट वडा कार्यालय भवन

*बाँकी अन्तिम पृष्ठमा*




## आवश्यक कागजात हराएको सूचना

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ बस्ने अर्जनु कुमार यादवको यही पुस २० गतेका दिन मालपोत कार्यालय राजविराजको प्राङ्गण, बिद्युत प्राधिकरण र डाक्नेश्वरी नगरपालिकाको कार्यालय पातोसम्म जाने क्रममा नेपाल प्रहरीको आधारभूत तालिम प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र, पान कार्ड, संचयकोष कार्डसहित महत्वपूर्ण कागजातहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०४७०१८२५ र ९८०८१०६६५३ मा खबर गरिदिन हुन अनुरोध छ । कागजात फेला पार्नुहुने महानुभावलाई उचित इनाम दिइने छ ।

**अर्जनु कुमार यादव, डाक्नेश्वरी नगरपालिका ९**

## सम्पादकीय

### समयमै कार्य सम्पन्न गर्न ध्यान पुगोस्

स्थानिय पालिका अहिले विभिन्न समस्याले ग्रसित छन् । पालिका मध्ये गाउँपालिकाहरु जहिले पनि आन्तरिक विवादमा अल्मलिने गरेका छन् । सप्तरीको सन्दर्भमा केही गाउँपालिकाहरुमा गाउँसभा समेत हुन सकेको छैन् । जसकारण कर्मचारीहरुले तलबदेखी अन्य विकासीय कार्य समेत प्रभावित भएको छ । जसको उदाहरणको छिन्नमस्ता गाउँपालिका जसमा प्रशासकीय अधिकृत आफ्नै मनले आउने जाने तथा अध्यक्षसँग तालमेल नहुँदा सधै विवाद नै हुने गरेको छ । यस गाउँपालिकाका अध्यक्ष र वडा अध्यक्षबीच समेत तालमेल रहेको देखिदैन् । जसले गर्दा सधै विवाद नै हुने गरेको छ ।

यता अधिकृत महिनौ दिनदेखी कार्यालय आएका छैनन् । जसले गर्दा कुनै पनि कार्य अगाडी बढ्न सकेको छैन् । यसरी जिल्लाकै बलानबिहुलको अवस्था पनि त्यस्तै छ । त्यहा पनि समयमा गाउँसभा सम्पन्न भएको छैन् । सरकारको मापदण्ड अनुसार समयमा गाउँसभा समयमा सम्पन्न गर्न नसकिए बजेट समेत रोक्का हुने गरेको छ ।

यसरी यस्ता विषयमा सम्बन्धीत निकायले ध्यान पुर्‍याउन नसक्दा कर्मचारीदेखी जनताहरु समेत मर्कामा पर्नु परेको छ । तसर्थ सरकारी मापदण्ड अनुसार समयमा कार्य सम्पन्न गर्न सबै स्थानियतहले ध्यान पुर्‍याउन अति आवश्यक छ । अनिमात्र स्थानिय तहको छबी सुधृन सक्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजबिराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजबिराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजबिराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजबिराज
Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा न्यायाधीश कार्की नबस्ने

काठमाडौँ, २२ पुस (रासस) ।

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा रहनुभएका न्यायाधीश हरिकृष्ण कार्की इजलासमा नबस्ने हुनुभएको छ । कार्की अघिल्लो पटकको केपी शर्मा ओलीको सरकारमा महान्यायाधिवक्ता हुनुभएको विषय कानून व्यवसायीले इजलासमा उठाएपछि उहाँ संवैधानिक इजलासमा नरहने हुनुभएको हो । बुधबारदेखि शुरु भएको सुनुवाइका क्रममा प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले न्यायाधीश कार्की संवैधानिक इजलासमा नरहने जानकारी दिनुभयो ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासमा सो सुनुवाइ बुधबारदेखि शुरु भएको थियो । अर्को सुनुवाइ यही पुस २९ गतेका लागि तोकिएको छ । यसअघि सो इजलासले यही पुस १० गतेको सुनुवाइपछि अदालतले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न विपक्षी राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायलाई आदेश दिएको थियो । प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिष्ट्रारसमेतका कागजात सङ्घीय सचिवालयबाट झिकाउने आदेश पनि जारी भएको थियो । अदालतको आदेशानुसार पुस १९ गतेसम्म महान्यायाधिवक्ताको कार्यालयमार्फत सबैको लिखित जवाफ अदालतमा पेश भइसकेको छ ।

अदालतले माग गरेको अदालतका सहयोगी (एमिकस क्युरी) मा नेपाल बार एशोसिएशनले वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, सतिशकृष्ण खरेल र विजयकान्त मैनाली तथा सर्वोच्च बार एशोसिएशनले निर्वाचित अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्णमान शाक्य र वरिष्ठ अधिवक्ता गीता पाठकको नाम सिफारिश गरेका छन् ।

प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध १४ रिट निवेदन दर्ता भएको छ । राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गर्नुभएको थियो ।। रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ ।

त्यस्तै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर केसी, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले पनि निवेदन दायर गर्नुभएको छ । कानून व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिश र सो सिफारिशका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण कामकारवाही एवं सो सिफारिशका आधारमा भएगरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ ।

# प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा सुनुवाइ शुरु

काठमाडौँ, २२ पुस (रासस) ।

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा बुधबार सुनुवाइ शुरु भएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासमा पेशी तोकिएको छ ।

यसअघि सो इजसालले यही पुस १० गतेको सुनुवाइपछि अदालतले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न विपक्षी राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायलाई आदेश दिएको थियो । प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिष्ट्रारसमेतका कागजात सङ्घीय सचिवालयबाट झिकाउने आदेश पनि जारी भएको थियो । अदालतको आदेशानुसार पुस १९ गतेसम्म महान्यायाधिवक्ताको कार्यालयमार्फत सबैको लिखित जवाफ अदालतमा पेश भइसकेको छ ।

अदालतले माग गरेको अदालतका सहयोगी (एमिकस क्युरी) मा नेपाल बार एशोसिएशनले वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, सतिशकृष्ण खरेल र विजयकान्त मैनाली तथा सर्वोच्च बार एशोसिएशनले निर्वाचित अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्णमान शाक्य र वरिष्ठ अधिवक्ता गीता पाठकको नाम सिफारिश गरेका छन् ।

प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध १४ रिट निवेदन दर्ता भएको छ । राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गर्नुभएको थियो ।। रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीका सिफारिशमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ ।

त्यस्तै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर केसी, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले पनि निवेदन दायर गर्नुभएको छ । कानून व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिश र सो सिफारिशका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण कामकारवाही एवं सो सिफारिशका आधारमा भएगरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरु हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरु मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरु जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरु सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# समूह फेर्दै नेकपाका नेता कार्यकर्ता

महोत्तरी, २२ पुस (रासस)।

विगतमा १० वर्ष माओवादी जनयुद्धमा होमिनुभएका महोत्तरीको मनराशिशवा नगरपालिकाको मनरा बस्तीका नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेता राजेन्द्र साह अहिले उपल्लो तहमा बढेको दलभित्रको किचलोमा प्रधानमन्त्री केपी शर्मा ओलीका साथ उभिनुभएको छ। पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन नेकपा (माओवादी) का तर्फबाट प्रत्यासी रहनुभएका साह अहिले नेकपाभित्रको किचलोमा प्रधानमन्त्री ओली नेतृत्वको समूहमा उभिनुभएको हो। जिल्लामा साहको वैचारिक नेताको परिचय रहेको नेकपाका कार्यकर्ता ने बताउँछन्।

नेकपामा उपल्लो तहमा विभाजन देखिएपछि आम नेता, कार्यकर्ता एक-अर्को समूहमा प्रवेश गर्ने क्रम देखिएको छ। पुस पहिलो साताको अन्त्यमा दुईतिर केन्द्रीय समितिको बैठक भएपछि दुई समूहमा देखिएको नेकपाभित्र त्यसयताका दिनमा महोत्तरीमा समूह फेर्ने क्रम ह्वात्तै बढेको हो। पहिलोपटक पुस ७ गते दुईतिर केन्द्रीय समितिको बैठक हुँदा प्रचण्ड-माधवतिर रहनुभएका केन्द्रीय सदस्य टेकबहादुर बलम्पाकीले पनि चार दिन पहिले मात्र (गत शनिबार) आफू प्रधानमन्त्री ओलीसँग रहने घोषणा गर्नुभयो। "धेरै कुरा स्पष्ट भएको थिएन, बुझ्दै जाँदा विभाजनको बीउ त प्रचण्ड-माधवले पो रोप्नुभएको रहेछ", बलम्पाकीले सञ्चारकर्मीसँगको कुराकानीमा भन्नुभयो, "मैले अब प्रधानमन्त्री ओलीको साथ रहने फैसला गरेँ, मजस्ता धेरै साथीले विस्तारै यो कुरा बुझेर आफूलाई सच्याउँदै हुनुहुन्छ।" बलम्पाकीजस्तै समूह फेर्नेमा अहिले दुवैतर्फ देखिएका छन्।

विगतमा माओवादी जनयुद्ध पृष्ठभूमिकी विसं २०६४ मा संविधानसभा सदस्यसमेत रहिसक्नुभएकी जिल्लाकै पार्टी नेत्री बुधनीदेवी महतो पनि अहिले प्रधानमन्त्री ओलीको पक्षमा उभिनुभएको छ। "प्रचण्ड र ओली एकीकरणपूर्व आ-आफ्नो दलको अध्यक्षको हैसियतमा एकीकृत नेकपाको अध्यक्ष बन्नुभएको हो", महतोले भन्नुभयो, "महाधिवेशन आयोजनको निधो भएको थियो, सबै छिनोफानोका लागि महाधिवेशनमा जान छाडेर प्रचण्ड-माधवले हठात पदका लागि अन्तरिम विधान र अन्तरिम समितिलाई बहुमत/अल्पमतको खेलमा गिजोल्नुभयो, यो बेठिक भयो।" यस परिस्थितिमा पार्टी एकताका लागि आफू प्रधानमन्त्रीका साथ उभिएको महतोको भनाइ छ।

यसअघि तत्कालीन एमाले र माओवादीबीच एकीकरण भएर नेकपा बन्दा पूर्वमाओवादी केन्द्रतर्फबाट प्रदेश-२ समितिमा रहनुभएका रामआधार कापरले पनि भर्खरै आफू प्रधानमन्त्रीको पक्षमा उभिएको स्पष्ट पार्नुभएको छ। विगतमा माओवादी जनयुद्ध पृष्ठभूमिबाटै आउनुभएका बर्दिवास नगरपालिका-७ का वडाअध्यक्ष फाल्गुण सुसलिङ, यसै पृष्ठभूमिका भङ्गाहा नगरपालिकाका पुराना वामपन्थी नेता मुकुन्द दाहाल र प्रदेशसभा निर्वाचनमा माओवादी केन्द्रका प्रत्यासी जिल्लाकै भङ्गाहा नगरपालिका-६ हतिसर्वाका बासिन्दा राजकिशोर यादवले पनि आफूलाई प्रधानमन्त्री ओलीकै साथ उभिएको अहिले स्पष्ट पार्नुभएको छ।

यता विगतमा एमाले पृष्ठभूमिका बर्दिवास-४ का बासिन्दा सोम कार्की भने अहिले प्रचण्ड-माधव समूहमा उभिनुभएको छ। जुनसुकै परिस्थितिमा आफ्नो दलको बहुमत रहेको संसद् प्रधानमन्त्रीले विघटन गरेको चित्त नबुझेपछि आफू प्रचण्ड-माधवका साथ उभिएको कार्की बताउनुहुन्छ। विगतमा एमाले पृष्ठभूमिकै र २०६४ यताका केही दिन त्यतिखेरको सद्भावना पार्टीमा पुगेर फेरि पूर्व घर फर्कनुभएका भङ्गाहाका अरुणकुमार सिंह पनि अहिले प्रचण्ड-माधव समूहमै देखिनुभएको छ। यसैगरी पूर्वएमाले पृष्ठभूमिका बर्दिवास-६ का लेखराज पोखरेल पनि अहिले प्रचण्ड-माधव समूहमा उभिनुभएको छ।

जिल्लामा सर्सती हेर्दा अहिले विगत पृष्ठभूमिका आधारमा पूर्वएमालेतर्फका प्रधानमन्त्री ओलीका पक्षमा र पूर्वमाओवादी केन्द्र पृष्ठभूमिका प्रचण्ड-माधवतर्फ देखिएका छन्। माथि समूह फेर्नेमा उल्लेख गरिनुभएका नेता भने विगतको पृष्ठभूमि अहिलेको राजनीति छान्ने आधार नहुने बताउनुहुन्छ। "हामी पूर्वएमाले वा पूर्वमाओवादी केन्द्र होइन, अहिले नेकपाका कार्यकर्ता हौँ", भङ्गाहा-६ हतिसर्वाका राजकिशोर यादवले भन्नुभयो, "अहिले नेकपाकै कार्यकर्ताको हैसियतमा पार्टीभित्र बढेको समस्याभित्र सोअनुरुप धारणा बन्ने गरेको हो।" यस क्रममा पूर्वएमाले पृष्ठभूमिका कतिपय साथी अहिले प्रचण्डका पक्षमा र पूर्वमाओवादी केन्द्र पक्षका साथी प्रधानमन्त्री ओलीका पक्षमा उभिएका यादवले स्पष्ट पार्नुभयो। उपल्लो तहका नेताले सघन गतिविधि ठाउँठाउँमा बढाउँदै गर्दा पार्टीभित्रको समीकरण दिनदिनै परिवर्तन गर्ने पनि बढ्दै गएका देखिएका पार्टी निकटकै नेता कार्यकर्ता बताउँछन्।

जिल्लामा आ-आफ्नो पक्ष बलियो भएको दावी गर्ने दुवै समूहले अहिले संगठनात्मक गतिविधि तीव्र बनाएका छन्। प्रचण्ड-माधव समूहले संसद् विघटनविरुद्ध भन्दै आफ्ना गतिविधिलाई सङ्घर्ष केन्द्रित बनाएको छ। यता प्रधानमन्त्री ओलीका पक्षधरले भेला, बैठक र प्रशिक्षणका कार्यक्रम गर्दै ताजा जनादेशका लागि निर्वाचनमा जानुको विकल्प नरहेको बताउँदै आएको छ।

जिल्लामा भइरहेका दुवै समूहका गतिविधिमा केन्द्रीय तहका नेताहरूको दौडधुप निकै बढेको छ। प्रचण्ड-माधव समूहका यस्ता कार्यक्रममा निवर्तमानमन्त्री गिरिराजमणि पोखरेल सक्रिय देखिनुभएको छ। यसैगरी प्रधानमन्त्री ओली समूहको गतिविधिमा वर्तमान सरकारमा मन्त्रीसमेत रहनुभएका पार्टीका प्रदेश नं २ अध्यक्ष प्रभु साह एवं राष्ट्रियसभा सदस्य रहनुभएका पार्टीका प्रदेश नं २ सचिव सुमनराज प्याकुरेल नै सहभागी हुँदै आउनुभएको छ। पछिल्लोपटक वर्तमान सरकारमा उपप्रधानमन्त्री ईश्वर पोखरेल धनुषा, महोत्तरीका कार्यक्रममा सहभागी भई मङ्गलबार बेलुकामात्र महोत्तरीको बर्दिवास हुँदै काठमाडौँतर्फ लाग्नुभएको छ।

पुस पहिलो सातामै देखिएको पार्टीभित्रको दुई समूहले जिल्ला सदरमुकाम जलेश्वरमा आ-आफ्ना पहिलो चरणका कार्यक्रम सम्पन्न गरेका छन्। यसैबीच प्रचण्ड-माधव समूहले आफ्ना विरोध र सङ्घर्षका कार्यक्रम पालिका र वडा तहसम्म लगिने तालिका बनाइसकिएको जनाएको छ। दुवै समूह आ-आफ्नो समूह आधिकारिक रहेको बताइरहेका बेला नेकपाका आम कार्यकर्ता भने अझै पार्टी एकताकै पक्षमा देखिएका छन्। "हामीले चाहेको एकताबद्ध पार्टी हो, नेताले पार्टी फुटाउँदै जाने र हामी कार्यकर्ता तिनको पछि लाग्ने कुरा हुँदैन", भङ्गाहा-३ का अगुवा कार्यकर्ता लक्ष्मीकान्त चौधरीले भन्नुभयो, "हामी पार्टी फुटको सरजमिन मुचुल्कामा साक्षी बस्न सक्दैनौँ।"

जिल्लामा चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्रमध्ये महोत्तरी-१ प्रतिनिधिसभा क्षेत्र र यसै भित्रका दुई प्रदेशसभा मात्र नेकपा प्रत्यक्ष निर्वाचित भएको हो। एकीकरणअघि माओवादी केन्द्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य गिरिराजमणि पोखरेल, प्रदेशसभा सदस्य भरतप्रसाद साह अहिले पनि प्रचण्ड-माधव समूह र एमालेबाट निर्वाचित प्रदेशसभा सदस्य प्रधानमन्त्री केपी शर्मा ओलीकै पक्षमा उभिनुभएको छ। यसबाहेक माओवादी केन्द्रबाट समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बन्नुभएका दिलकुमारी साह र इन्दु शर्मा एवं एमालेबाट प्रदेशसभा सदस्य बन्नुभएकी मञ्जु यादव पनि अहिले प्रचण्ड-माधव समूहमै उभिनुभएको छ।

जम्मा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तह रहेको जिल्लामा नेकपा पाँच स्थानीय तहको नेतृत्वमा छ। स्थानीय तहका मुख्य जिम्मेवारीका जनप्रतिनिधि पनि कतिपय खास पक्षमा उभिएका छन् भने कतिपय भने पार्टी एकताको दबाव बढाउँदै अझै कुनै पक्षमा खुलेका छैनन्।

# उखुखेती छाड्दै किसान

वीरगञ्ज, २२ पुस (रासस)।

महोत्तरी जिल्लाको भङ्गहा नगरपालिका-४ का किसान हीरालाल महतोले पोहोर साल ३ बिघा क्षेत्रफलमा उखुखेती गर्नुभएको थियो। तर यसपाली एक बिघामा मात्र उखुखेती गर्नुभएको छ।

महतोले उत्पादन गर्नुभएको उखुको भुक्तानी हालसम्म नपाउदा उहाँले उखुखेती मासेर अन्नबाली खेती गर्ने सोचमा रहनुएको छ। विगत लामो समयदेखि उखुखेती गर्दै आउनु भएका महतो मात्र होइन, त्यहाँका अर्का किसान धनेसी महतोको पनि यस्तै पीडा छ।

"ऋण काढेर उखुखेती गरिन्छ", उहाँले भन्नुभयो, "उखु मिलले समयमा रकम भुक्तानी नदिँदा ऋणमा डुब्ने डरले यसपालीदेखि उखुखेती गर्न छोडिएको छ।" धनेसीले आफ्नो पीडा पोख्दै राससलाई भन्नुभयो, "उधारोमा आफ्नो उत्पादन बेच्दा चिनी उद्योगीले समयमा रकम भुक्तानी नगरेको अवस्थाको कारण हामी उखुखेती छाडी अन्नबालीखेती गर्ने सोँचमा रहेका छौं।"

नगदेबालीको उधारो कारोबारले आजित भएका यहाँका उखुखेती गर्ने किसानहरू भुक्तानीका लागि निकै सास्ती खानु परेकाले जिल्लाको उत्तरी भेग बर्दिबासदेखि सुदूरदक्षिणको जलेश्वरसम्म विगत १५ वर्षदेखि उखुखेती गर्दै आएका किसान विस्तारै उखुखेती मासेर अन्नबालीखेती तर्फ आकर्षित हुन थालेका छन्।

महोत्तरी भङ्गाहाकै अर्का किसान सूर्यदेव मुखियाले पनि वर्षौंदेखि गर्दै आएको उखुखेती मासेर यसपाली डेढ बिघा क्षेत्रफलमा गँहुखेती गर्नुभएको छ। जिल्लामा विगत लामो समयदेखि उखुखेती गर्दै आउनु भएका किसान क्रमशः अब यो पेशा त्यागेर नगदेबालीको साहारा लिन थालेका छन्।

करिब २० हजार बिघामा व्यावसायिक रूपमा उखुखेती हुने महोत्तरी जिल्लामा अहिले यो क्रम घटदै गएको छ। अहिले जिल्लामा छ हजार ५०० बिघामा उखुखेती भइरहेको छ। "यसपालि छ हजार ५०० बिघामा उखु बाली छ", उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले भन्नुभयो, "यसमध्ये दुई हजार ५०० बिघामा खुट्टी (दोस्रो वर्षको बाली) उखु छ, यो यसपालि खाली भएपछि अर्का वर्ष तीन हजार बिघामा झर्छ।"

एकपटक रोपेर दुई बाली लिइने उखुमा पहिलो वर्षको लाई 'मुडन' र दोस्रो वर्षको लाई 'खुट्टी' भनिन्छ। यसपालि नयाँ उखु बाली लगाउने किसान नदेखिएपछि अझै उखु घट्ने स्पष्ट देखिएको हो। उखु खेतीको तयारीमा प्राविधिक सहयोग र सुलभ ऋण नपाउनु, उखु खेतीको मूल्य निर्धारणमा बर्सेनि झमेला हुनु र भुक्तानी समयमा नपाएपछि यो खेती घट्दै गएको बताइएको छ। उखुखेती नगदेबाली र सरकारले यसलाई राष्ट्रियबाली भनेर घोषणा गरिसकेको छ। तर नगदेबाली भनिएको उखुको उधारो कारोवारले किसानलाई अहिले त्यही उखुखेती निल्नु न ओकल्नु जस्तो भएको छ।

चिनी उद्योगले किसानको उखु किन्दा समयमै रकम भुक्तानी नदिएकाले किसान वर्षौंदेखि प्रताडित हुँदै आएका छन्। उधारोमा उखु बेच्न बाध्य रहेका किसानले आफ्नो भुक्तानी लिन प्रत्येक वर्ष उखु मिलमा धाउनुपर्ने बाध्यता रहेको छ। जग्गा भाडामा लिएर तथा ऋण काढेर उखुखेती गरेका किसान जग्गाको भाडा, मल, बीउ, खेतालाको पैसा तिर्न नसकेर घरखेत लिलाम हुने अवस्थामा पुगेको उखु उत्पादक किसान सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले बताउनुभयो।

जिल्लाको गौशाला नगरपालिका-१ रामनगरस्थित एभरेष्ट सुगर एण्ड केमिकल इन्डष्ट्रिजले उखु कटानको चलान पुर्जी दिन थालेको छ। तर मूल्य निर्धारण नहुँदै आफ्नो उत्पादन बुझाउनुपर्ने भए पनि भुक्तानी भने कहिले पाउने थाहा नभएकोले उखुको गुलियो उत्पादन अमिलो जस्तो भएको छ। महोत्तरी जिल्लामा मात्र नभएर प्रदेश नं २ को अधिकांश जिल्लाका किसानले विस्तारै उखुखेती छोड्दै गएका छन्।

उखुको उधारो कारोवार र चिनी उद्योगीको भुक्तानी नदिने मनसायका कारण आजित भएका किसानले धमाधम उखुखेती मासिरहेका छन्। सिँचाइ सुविधा नभएका कतिपय ठाउँमा त खेत बाँझो नै राखिएको छ। प्रदेश नं २ को अधिकांश जिल्लामा उखुखेती घटेसँगै कतिपय चिनी मिल बन्द हुने अवस्थामा पुगेको छ। उद्योगले किसानसँग खरिद गरेको उखुको समयमै भुक्तानी नदिने जस्ता कारणले एकातिर उद्योग धरासायी हुने गरेको छ भने अर्कोतिर कैयौं मजदुरको रोजगारीसमेत गुमेको कारण तिनीहरूलाई आर्थिक समस्या समेत आएको देखिन्छ।

सरकारले विदेशबाट आयात भएर आउने चिनी नरोक्दा आफ्नो उत्पादन बजारसम्म पुग्न नसकेकाले आर्थिक अभावको कारण समयमा किसानलाई भुक्तानी दिन नसकिएको मिलका सञ्चालकले स्वीकारेका छन्। उनीहरू भन्छन्, "उद्योग सञ्चालनमा लागेको पूँजीको ब्याज, उद्योगस्थलको भाडा, किसानको खेती लागत र उत्पादन समेतको वैज्ञानिक लेखाजोखा गरेर सरकारले उखुको मूल्य तोक्नु पर्दछ।

## विश्व समाचार

# भारतमा कोरोनाभाइरस सङ्क्रमणबाट एक लाख ५० हजारको मृत्यु

नयाँदिल्ली, २२ पुस (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरस सङ्क्रमणबाट हालसम्म मृत्यु हुनेको संख्या एक लाख ५० हजार ११४ जनाको मृत्यु भएको छ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा हालसम्म एक करोड चार लाख मानिस कोरोनाभाइरस सङ्क्रमित भएका छन्। पछिल्लो २४ घण्टामा १८ हजारभन्दा बढी सङ्क्रमित भेटिएका छन्। मन्त्रालयले भारतमा अझै पनि दुई लाख २७ हजार व्यक्ति सक्रिय सङ्क्रमित रहेका र ९९ लाख ९७ हजार व्यक्ति सङ्क्रमणमुक्त भएको जनाएको छ।

भारतीय राज्य केरलामा झण्डै ६४ हजार तथा महाराष्ट्र राज्यमा ५० हजार व्यक्ति सक्रिय सङ्क्रमित छन्। दिल्लीमा भने चार हजार ५६२ जना सक्रिय सङ्क्रमित रहेका छन्। यहाँ १० हजार ६०९ जनाको कोरोना सङ्क्रमणबाट ज्यान गइसकेको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार भारतमा जनवरी ५ सम्म १७ करोड ७४ लाख नमूना परीक्षण गरिएको छ।

# अमेरिकी सिनेटमा डेमोक्रेट उम्मेदवार एक स्थानमा विजयी

एटलान्टा, २२ पुस (रासस/एएफपी)।

अमेरिकाको जर्जिया राज्यमा सिनेटको दुई स्थानका लागि मंगलबार भएको निर्वाचनमध्ये एक स्थानमा डेमोक्रेटिक पार्टीका उम्मेदवार विजयी भएका छन्।

अमेरिकी सञ्चारमाध्यमको नेटवर्कले जर्जिया राज्यको एक स्थानमा डेमोक्रेटिक पार्टीका उम्मेदवार राफेल वार्नोक विजयी भएको भएको जनाएका छन्। यस स्थानमा हाल रिपब्लीकन पार्टीबाट सिनेटर केल्ली लोफलर पुनःउम्मेदवार हुनुहुन्थ्यो।

सिबिएस, एनबिसी र सिएनएनले सिनेटर केल्ली झिनो मतान्तरले पराजित हुनुभएको जनाएका छन्। यद्यपी केल्लीले आफूले हार स्वीकार्नु भएको छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि यो पराजय निकै पिडादायी हुने अनुमान गरिएको छ। जर्जियाकै अर्को स्थानका लागि भएको निर्वाचनको मतगणना जारी छ, र त्यहाँ पनि रिपब्लीकन र डेमोक्रेट पार्टी दुबैका उम्मेदवारबीच कडा प्रतिस्पर्धा भइरहेको छ।

यदि दुबै स्थानमा डेमोक्रेट पार्टी विजयी भएमा सिनेटमा डेमोक्रेट पार्टीको बहुमत पुग्नेछ, र उहाँले आफूले चाहेका योजना र कार्यक्रम सहजै पारित गराउन सक्नु हुनेछ। तर रिपब्लीकन पार्टीले एक स्थान जिते पनि सिनेटमा रिपब्लीकनको बहुमत कायम हुनेछ। अमेरिकी राजनीतिक प्रणालीमा माथिल्लो सदन सिनेटलाई निकै शक्तिशाली मानिन्छ, जसले राष्ट्रपतिका हरेक कार्यमाथि कडा निगरानी राख्न सक्छ।

# असान्जलाई सुपुर्दगी नगर्ने बेलायती अदालतको निर्णय स्वागतयोग्य: राष्ट्रसंघ

जेनेभा, २२ पुस (रासस/सिन्ह्वा)।

राष्ट्रसंघका यातनासम्बन्धी विशेष प्रतिवेदक निल्स मेल्जरले विकिलिक्सका संस्थापक जुलियन असान्जलाई अमेरिका सुपुर्दगी नगर्ने भनी बेलायती अदालतले दिएको आदेश स्वागतयोग्य रहेको बताउनु भएको छ।

बेलायती अदालतले अमेरिका सुपुर्दगी गरिए असान्जमाथि यातना सहित कठोर कारावासमा पठाइने भन्दै असान्जको कमजोर मानसिक स्वास्थ्य अवस्थालाई ध्यानमा राखी अमेरिका सुपुर्दगी गर्न अस्वीकार गरेको थियो।

मेल्जरले मंगलबार सार्वजनिक गर्नु भएको विज्ञप्तिमा भनिएको छ, "संयुक्तराज्य अमेरिकामा असान्जमाथि ठूलो यातना वा अन्य किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा यातना दिइने निश्चित थियो।"

अमेरिकाले आफ्ना सुरक्षासँग सम्बन्धी महत्वपूर्ण दस्तावेज चोरी गरेको आरोप लगाउँदै असान्जलाई अमेरिका सुपुर्दगी गर्न बेलायत समक्ष अनुरोध गरेको छ। हाल असाजलाई बेलायतको बल्मार्स कारागारमा राखिएको छ।

मेल्जरले यति असान्जलाई अमेरिका पठाइएको भए उनीमाथि १७५ वर्षको जेल सजाय हुने थियो भन्नुभएको छ।

मेल्जरले असान्जको मुद्दालाई खोज पत्रकारिता गर्न चाहनेहरुको प्रेस स्वतन्त्रता सुरक्षाका सन्दर्भमा पनि व्याख्या गर्नुपर्नेमा त्यसो नगरिएको भन्दै चिन्ता व्यक्त गर्नु भएको छ।

उहाँले भन्नु भएको छ, "यस फैसलाले प्रेस स्वतन्त्रता, जवाफदेहीता र कानुनी शासनलाई गम्भीररुपमा बेवास्ता गर्ने गरी एक किसिमको विध्वंसात्मक नजिर कायम गरेको छ।"

# सञ्चारमाध्यमलाई जिम्मेवार हुन आग्रह

काठमाडौँ, २२ पुस (रासस)।

प्रेस काउन्सिल नेपालले सभ्य, शिष्ट, मर्यादित र जिम्मेवार भई समाचार सामग्री सम्प्रेषण गर्न आमसञ्चार माध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जाल र यसका प्रयोगकर्तामा अपिल गरेको छ।

काउन्सिलले बुधबार प्रेस विज्ञप्ति जारी गरी सार्वजनिक शिष्टाचार, सामाजिक सद्भाव, व्यक्तिको आत्मासम्मानको ख्याल गरी आफ्नो कर्तव्य निर्वाहका क्रममा थप सभ्य र शिष्ट हुन आग्रह गरेको हो।

"समसामयिक राजनीतिक परिस्थिति एवं अहिलेको संवेदनशील घडीमा राजनीतिक दल/नेताबाट एकआपसमा लक्षित गर्दै कुनै बैठक तथा सभामा बोल्ने क्रममा प्रयोग भएको भनिएका भनाइ, भाषा, शब्द, सडकमा लागेका उच्शृङ्खल र अमर्यादित नारासमेतमा आधारित भई सम्मानित संस्था, व्यक्ति र नागरिकको मर्यादामासमेत आँच पुग्ने गरी मूलशीर्षक बनाइ, तोडमरोड गरी नकारात्मकतालाई मद्दत पुऱ्याउने किसिमबाट सञ्चार माध्यमबाट प्रचारप्रसार भइरहेको देखिएको छ", विज्ञप्तिमा भनिएको छ।

काउन्सिलले ती गतिविधि पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) विपरीत भएको पनि जनाएको छ। तथ्यभन्दा टाढा रही कसैलाई लाभ वा हानी पुऱ्याउने नियत राखी, कसैमाथि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी, कसैको आत्मसम्मानमा ठेस् पुऱ्याउने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने किसिमबाट अशिष्ट, अमर्यादित भाषा र कार्यशैलीमा जनमानसमा भ्रम पार्ने, उत्तेजित बनाउने कार्य आचारसंहिता प्रतिकूल हुने काउन्सिलको भनाइ छ।

विज्ञप्तिमा भनिएको छ, "काउन्सिलले सामाजिक सद्भावमा खलल पुऱ्याउने गरी सामग्री सम्प्रेषण गर्नु-गराउनु पत्रकार आचारसंहिता प्रतिकूल हुने हुँदा तथ्यगत पुष्टिसहित मर्यादित, सन्तुलित सामग्री सम्प्रेषण गर्नु जिम्मेवार पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य र जिम्मेवारी हो, यसबाट नै प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्न मद्दत पुग्दछ।"

# दुई वर्षपछि लागुऔषध मुद्दामा पक्राउ परेका थापा कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस।**

उदयपुरको गढीमाई गाउँपालिका ७ बस्ने पूर्ण बहादुर थापालाई अदालतले कारागार चलान गर्ने आदेश दिएको छ।

लागु औषध मुद्दामा दुई वर्षपछि पक्राउ परेका ३२ वर्षिय थापालाई सप्तरी जिल्ला अदालतले पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो।

बि.स. २०७५ फागुन २३ गते प्रतिबन्धित लागु औषध गाजासहित पक्राउ परेका उनीमाथी लागु औषध नियन्त्रण ऐन अन्तरगत मुद्दा चलाइएको थियो।

अनुसन्धानकै क्रममा फरार रहेका उनलाई खोजतलास गर्दै जाँदा प्रहरीले पक्राउ गरि अदालतसमक्ष उपस्थित गराएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन्।

सप्तरी प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद सजाय सुनाइएका र फैसला नहुँदै फरार रहेका प्रतिवादीहरु पक्राउ गर्न अभियान नै चलाएको उनको भनाई छ। प्रहरीले फरार प्रतिवादी पक्रने अभियान चलाएयता डेढ सय भन्दा बढी अभियुक्त पक्राउ गरिसकेको जनाएको छ।

## *नेकपा ओली ...*

कमिटी गठन गरेको हो।

गठित समितिको सदस्यहरुमा जगमोहन अधिकारी, रामअवतार यादव, सुरज कुमार यादव, ललिता कुमारी मण्डल, रंजिव कुमार साह, अमरेन्द्र कुमार यादव, अजय कुमार मण्डल, अजय मण्डल, केशव कर्ण, सिमा तिमिल्सिना, आनन्द गुप्ता, भेषराज पौडेल, दिलिप कुमार शर्मा रहेका छन्।

सम्पन्न बैठकमा अनेरास्ववियुका केन्द्रिय सदस्य अशोक चौधरी, सुनिल झा, कौशलेस ठाकुर, रामसेवक ठाकुर, मनोज कुमार मण्डल, गोबिन्द कुमार गुप्ता तथा यूवा संघका जितेन्द्र प्रसाद यादवको उपस्थिति रहेको थियो।

## *तलाठीमा बर्थिङ ...*

निर्माण हुन लागेको गाउँपालिकाका अध्यक्ष सतिश सिंहले जानकारी दिदै एक वर्षभित्रै निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको उनले बताए।

# विद्युत् महसुल नबुझाउने १९ ग्राहकको विद्युत् लाइन काटियो

लहान, २२ पुस (रासस)।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लहानले लामो समयदेखि महसुल नबुझाउने १९ ग्राहकको विद्युत् लाइन काटेको छ। पटक-पटक विद्युत महसुल बुझाउन ताकेदा गर्दा समेत लामो समयसम्म महसुल नबुझाई अटेर गर्ने ग्राहकको लगत तयार गरी विद्युत् लाइन काट्न शुरु गरेको विद्युत् प्राधिकरण वितरण केन्द्र लहानका प्रमुख जितेन्द्रकुमार यादवले जानकारी दिनुभयो।

लाइन काट्न शुरु गरेको दुई दिनभित्र १३ ग्राहकको लाइन काटिएको र थप ग्राहकहरूको विद्युत् लाइन काट्ने काम भइरहेको प्रमुख यादवको भनाइ छ। प्रमुख यादवका अनुसार पहिलो चरणमा रु ५० हजारभन्दा बढी महसुल बक्यौता भएका ग्राहकको विद्युत् लाइन काट्न थालिएको छ। लामो समयदेखि ग्राहकले विद्युत् महसुल नतिर्दा प्राधिकरणले रु ३० करोड १६ लाख ३७ हजार २०७ बक्यौता असुल्न बाँकी रहेको जनाएको छ।

गार्हस्थ्य मिटरतर्फ रु १९ करोड १४ लाख ५१६, व्यापारिक मिटरतर्फ रु ९९ लाख ७१ हजार ४३९, गैरव्यापारिक मिटरतर्फ रु एक करोड ५८ लाख र औद्योगिक मिटरतर्फ रु चार करोड २६ लाख ३८ हजार ८३५ बक्यौता रकम उठाउन बाँकी रहेको प्रमुख यादवले बताउनुभयो।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*